# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) केन्द्रीय परिषद्को दोस्रो बैठक

## (२०८० माघ १४-१५) बाट पारित

## समसामयिक प्रस्तावहरु

१. हाम्रो पार्टीले जनसरोकारका महत्वपूर्ण एजेण्डाहरु सहित गत २०८० को असोज १४ गते देखि २८ गतेसम्म नेपालको तराई भागका २३ जिल्लाहरुमा संचालन गरेको समाजवादी जागरण अभियानमा सो क्षेत्रका जनताले व्यापक सहभागिता जनाएको, दश हजारभन्दा बढी संख्यामा हाम्रो पार्टी प्रवेश गरेको र पार्टीको हौसला अभिबृद्धि गरेको प्रति हार्दिक आभार प्रकट गर्दछ । यसै गरी अभियानको समाचार प्रकाशन गर्ने सचारकर्मीहरु तथा संचार गृह,सुरक्षा तथा अन्य व्यवस्थापनमा सहयोग गर्ने सरकारी निकाय, अभियानलाई सफल बनाउन अहोरात्र खट्ने पार्टी र जनसंगठनका बिभिन्न तहका कमिटीहरु,यसमा सहभागी नेता तथा कार्यकर्ताहरु, अभियानको समयमा आफ्ना व्यासायिक तथा जनजीवनका अनेकौ समस्या समेत दर्शाउँदै सहयोग तथा सहकार्यको हात बढाउन आउनुहुने व्यापारिक तथा सामाजिक संघ संस्थाहरु तथा व्यक्ति-व्यक्तित्वहरुप्रति हाम्रो पार्टी हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

२. २०८० को कार्तिक महिनामा जाजरकोट र सल्यान,लगायत कर्णाली र सुदुर पश्चिम प्रदेशका बिभिन्न भूभागमा शक्तिशाली भुकम्प गई धनजनको ठूलो क्षति हुन गएको भएकोप्रति यो बैठक गंभीर दुख व्यक्त गर्दछ । यस प्राकृतिक बिपत्तिमा परी जीवन गुमाउनुहनेहरुप्रति हाम्रो पार्टी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । सरकाले तदारुकताका साथ उद्दार तथा राहतका लागि प्रयास गरेको भएता पनि ती कार्यहरु अपर्याप्त रहेको र पीडित जनताको जीवन कष्टकर बनिरहेको, बाल, बृद्ध,सुत्केरी, दीर्घ रोगीहरुको स्वास्थ्य अवस्था झन् जटिल बन्दै गएको , दिनानुदिन बढिरहको चिसोले सम्पूर्ण जनजीवन नै कष्टपूर्ण बनेको परिस्थितिमा सरकारको तर्फवाट न्यानो तथा सुरक्षित आवास ब्यवस्थापन र तत्काल विशेष कार्यक्रम ल्याई पीडितहरुको आवास, स्वास्थ्य,तथा भौतिक आवस्यकताहरुको यथाशिघ्र परिपूर्ति गर्र्न नेपाल सरकारसँग यो बैठक माग गर्दछ । यसैगरी यो बैठक हाम्रो पार्टी पंक्ति युवा संघ नेपाल,अनेरास्ववियू,अनेमसंघ, अनेकिसंघ, रिटर्नी नेपाल लगायतका जनसंगठनहरुले भुकम्प पीडितहरुको घरघरमै गई उद्धार तथा राहतकार्यमा स्वयमसेवक जनताको मानवीय सेवा गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यसै गरी मानवीय सहयोगको लागि भूमिका निर्बाह गर्ने सबै संघ संस्था, राजनीतिक दल, मित्र राष्ट्रहरु, तदारुकताका साथ काम गर्ने नेपाली सुरक्षा निकाय,स्वास्थ्यकर्मीहरु र नेपाल सरकारका विभिन्न निकायहरुपति धन्यवाद ज्ञापन गर्दछ ।

३. एनसेलको सेयर न्यून मूल्याङ्कन गरी बिक्रि गर्ने र अर्बौ रकम कर छली गर्ने संगठित प्रयत्न गरेको घटनाप्रति यो बैठकको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ । यस बारेमा सत्य तथ्यको खोजी गरि आर्थिक अपराध गर्न दुरुत्साहन गर्ने गराउने जोसुकैलाई पनि पत्ता लगाई कानुनी कारवाही गर्न र एनसेलको स्वामित्व नेपाल सरकारमा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउन नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

४. सहकारी क्षेत्र आज दिनानुदिन संकटग्रस्त बन्दै गएकोमा हाम्रो पार्टी गंभीर चिन्ता ब्यक्त गर्दछ । कतिपय सहकारी सस्थाले अधिकारको दुरुपयोग र बचतको अपचलन गरी जनताको ठूलो धनरासीमा आर्थिक तथा बित्तीय अपराध गरेको दुखद घटनाहरु सार्बजनिक भईरहेको छ । यो बैठक सहकारी क्षेत्रमा आर्थिक अनुसाशन कायम गर्न र जनताको सम्पत्ती डुब्न नदिन नेपाल

सरकारले सशक्त अनुगमन गर्न तथा आवस्यक  कानूनहरुको निर्माण गरी सहि दिशा दिन जोडदार माग गर्दछ ।

५. कुल गार्हस्थ्य उत्पादनको झण्डै एक चौथाई योगदान गर्ने बिप्रेषणको उत्पादन तथा ब्यावसायिक क्षेत्रमा  लगानी गर्न बैदेसिक रोजगारबाट फर्किएका रिटर्नीहरुको दक्षता र क्षमताको समुचित प्रयोग गर्ने गरी उपयुक्त कार्यक्रम ल्याउन  यो बैठक नेपाल सरकारसँग माग गर्दछ ।

६. हाम्रो पार्टीले बिभिन्न समयमा देशका आर्थिक तथा राष्ट्रिय महत्वका बिबिध  विषय र समस्याहरु समाधान गर्नका लागि पार्टीको दृष्टिकोण सहितका मागपत्रहरु प्रधानमन्त्री समक्ष प्रस्तुत गरेकामा ती मागहरुको सम्बोधन गरी देशको आर्थिक अवस्थालाई सहजतातिर लैजान कुनै प्रयास नगरेकोप्रति यो बैठकको गंभीर रुपले ध्यानमकर्षण भएको छ ।  यो बैठक देशका समस्याहरु समाधान गर्नका लागि हाम्रो पार्टीले सम्माननीय प्रधानमन्त्रीलाई पेश गरेका मागपत्रहरुको कार्यान्वयन गर्ने दिशामा गंभीर बन्नका लागि नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

७. चिनियाँ कम्युनिष्ट पार्टीको  निमन्त्रणामा मिति २०८० को कार्तिक महिनामा नेकपा (एकीकृत समाजवादी) को अध्यक्ष तथा पूर्व प्रधानमन्त्री कमरेड माधवकुमार नेपालको नेतृत्वमा १५ सदस्यीय प्रतिनिधि मण्डल चिन भ्रमणमा गई दुई कम्युनिष्ट पार्टीहरुको वीचको सम्बन्धलाई थप सुदृढ बनाएको  र भ्रमणको क्रममा भएका बहुआयामिक छलफलले दुई कम्युनिष्ट पार्टीको आपसी सम्बन्धलाई नयाँ उचाईमा लगेको यो बैठक विश्वास  ब्यक्त गर्दछ । हाम्रो पार्टीलाई महत्वका साथ निमन्त्रणा गरेकामा चिनिया कम्युनिष्ट पार्टीलाई यो बैठक हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

८. नेपालका प्रधानमन्त्री भारत भ्रमणमा जाँदा भएका र भारतका विदेश मन्त्री नेपालको भ्रमणमा आउँदा भएका विद्युत ब्यापार, जलश्रोत र भारतिय दूतावासले दिने २० करोड अनुदान लगायतका सम्झौता र समझदारीहरु बारे गम्भिर प्रश्न उठेका हुनाले उक्त अवसरमा भएका सम्झौता र सहमती सार्वजनिक गर्न यो बैठक सरकारसँग माग गर्दछ ।

९. मुलुकको लिम्पियाधुरा तथा कालापानी लगायतका  क्षेत्रहरुमा भएको अतिक्रमणको बिरोध गर्दै अतिक्रमित भूमि फिर्ता गर्न  नेपाली जनताले दवाव बढाईरहेकोमा हाम्रो पार्टी यसमा एकयबद्धता प्रकट गर्दछ र सो क्षेत्र फिर्ता गराउन नेपाल सरकारले प्रभावकारी कदमहरु चाल्न जोडदार माग गर्दछ । यसै गरी अन्तरराष्ट्रिय सीमाका धेरै ठाउँमा विवाद रहेको, दशगजा तथा नेपाली भूमि समेत मिचिएको, सीमा स्तम्भहरु समेत चलाईएको अवस्थाप्रति यो बैठक गम्भीर चिन्ता ब्यक्त गर्दै नेपाल सरकार लाई नेपालको भूमि र सीमा  रक्षा तथा ब्यवस्थापन गर्न दृढतापूर्वक कदम चाल्न आह्वान गर्दछ ।

१०. ईजरायलमा अध्ययन गर्न गएका नेपालका बिपिन जोशी हमासको कब्जामा रहेको समाचार सार्बजनिक भईरहेको छ। यो बैठक उहाँलाई सकुसल  मुक्त गर्न  प्यालस्टाईनी अधिकारीहरु समक्ष अपिल गर्दछ र निजलाई सकुसल नेपाल फिर्ता ल्याउन पहल गर्न नेपाल सरकार र अन्तरराष्ट्रिय समुदायलाई अनुरोध गर्दछ ।

११. ईजरायले  प्यालेस्टायनी भूमि गाजा क्षेत्रमा गरेको  नृशंस आक्रमणप्रति यो बैठक निन्दा गर्दछ । यो बैठक प्यालेस्टायनी जनताको भूमि र  सार्बभौमिकताको रक्षाको लागि संयुक्त राष्ट्रसंघद्वारा पारित प्रस्तावहरुप्रति समर्थन जनाउँदै उक्त क्षेत्रमा यथा शिघ्र युद्धबिराम गर्न आह्वान गर्दछ । त्यहाँ भईरहेको मानवीय सैकट समाधान गर्न र मध्य पूर्व क्षेत्रमा दिगो हीन्त स्थापना गर्नका लागि आवस्यक पहल गर्न अनुरोध गर्दछ ।

१२. संघीयताको कार्यान्वयन गर्न प्रदेशलाई अधिकार सम्पन्न गर्ने विषयमा समस्या देखा परी प्रदेशका मुख्य मन्त्रीले  संघीय सरकारसमक्ष राखेका मागहरुलाई सम्बिधानको भावनाअनुसार आपसी सम्बादको माध्यमवाट समाधान गर्न यो बैठक माग गर्दछ ।

१३. संघीय,लोकतान्त्रिक गणतन्त्रमाथि आज बिभिन्न कोणवाट हमला भईरहेको अवस्थाप्रति सचेत रहँदै यो बैठक सबै खाले पुनरुत्थानवादी  विचार र कृयाकलापको राजनीतिक तथा वैचारिक रुपमा प्रतिवाद गर्नु आवस्यक रहेको निष्कर्ष निकाल्दै यसका लागि सबै अग्रगमनकारी राजनीतिक शक्तिहरु वीच  घनिभूत सम्बाद र सहकार्यको आवस्यकता रहेको ठहर गर्दछ ।

१४. अहिले हाम्रो आर्थिक जीवन दिनानुदिन सङ्कटपूर्ण बन्दै गएको छ । उद्योग व्यवसायहरू धमाधम बन्द हुँदैछन् वा अति कम क्षमतामा चलेका छन् । यसबाट उद्यमीहरूमा निराशा बढ्दैछ, रोजगारीका अवसरहरू पनि दिनानुदिन साँघुरिँदै गएको छ र वैदेशिक रोजगारी र शिक्षाका लागि बाहिरिने युवाहरूको सङ्ख्या बढ्दैछ । उत्पादन मात्रै होइन मागमा पनि ह्रास आएको छ । उपभोक्ताको ऋयशक्ति घट्दैछ । यही अवस्थामा विप्रेषण, विदेशी मुद्रा सञ्चितीजस्ता बाह्य क्षेत्रमा देखिएको तथाकथित सुधार दिगो हुननसक्ने कुरा स्पष्ट छ । यसको अर्थ हामी अझ ठूलो सङ्कटतर्फ र आर्थिक मन्दीतर्फ  जाँदैछौँ । पार्टीको यो बैठक, वर्तमान आर्थिक अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ र पुँजीगत खर्च बढाउन, लगानी र उत्पादनको वातावरण बनाउन, उद्यमहरू डुब्न नदिन प्रभावकारी आर्थिक, वित्तिय तथा मौद्रिक नीतिहरूमार्फत् अर्थतन्त्रको वर्तमान निराशापूर्ण अवस्थामा जिम्मेवारीपूर्वक हस्तक्षेप गर्न सरकारसँग जोडदार मागगर्दछ ।

१५. निर्वाहमुखी र अव्यवस्थित कृषिलाई युगानुकूल, ठोस र योजनाबद्ध कार्यक्रमद्वारा कृषिकर्मबाटै न्युनतम आवश्यकता पूरा गर्न सक्ने व्यवस्थाको लागि राज्यले पहल गर्नैपर्ने कुरामा जोड दिदैं सिंचाई व्यवस्था गर्दै, बिउ, मललगायत कृषिजन्य उत्पादनका सामग्रीहरू सस्तो तथा सुलभ बनाउनु, सस्तो व्याजदरमा कृषि ऋण र बालि/वस्तुको प्रभावकारी बीमाको व्यवस्था गर्नु र हरेक कृषकका लागि प्राविधिक सेवाको सुनिश्चितता गर्दै तोकिएको न्युनत्तम समर्थन मूल्यमा कृषि उपज खरिद गर्न यो बैठक सरकारसँग माग गर्दछ ।

१६. नेपाली कच्चा पदार्थमा आधारित उद्योगहरूका लागि लगानीको वातावरण तयार गर्न, औद्योगिक विकासलाई तीब्रता दिन, व्यवस्थापनमा सुधार गर्दा नाफामा जान सक्ने सार्वजनिक संस्थानहरूलाई सुचारु गर्न, औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा तदारुकता देखाउन तथा लगानीमैत्री कानून एवम् छिटो-छरितो कार्यबिधि निर्माण गर्न यो बैठक सरकारसँग माग गर्दछ । वित्तीय सुविधामा निश्चित व्यावसायिक घरानाहरूको मात्र पहुँच हुने वर्तमान वित्तीय एकाधिकारको स्थितिको अन्त्य गरी अधिकतम रोजगारी सृजना गर्ने साना तथा मझौला व्यवसायीहरूलाई प्रोत्साहन गर्ने नीति तय गर्नका साथै नेपालमा आयात हुने तयारी माल/बस्तुमा भन्सार कम गर्ने तथा कच्चा पदार्थको आयातमा भन्सार दर बढी हुने व्यवस्थाहरूको अन्त्य गरी उत्पादनमैत्री कानूनी ब्यवस्था गर्न पनि यो बैठक माग गर्दछ ।

१७. आम जनताका दैनिक उपभोग्य सामानहरूको मूल्य आकाशीयको परिस्थितिप्रति यो बैठक चिन्ता व्यक्त गर्दछ । आपूर्तीकर्ता वा व्यापारीद्वारा कृत्रिमरूपमा मूल्य बढाइएको तर्फ सरकार गम्भीर बन्न र कृत्रिमरुपमा बढाईएको मूल्य नियन्त्रण गर्न तथा बजार अनुगमन प्रभावकारी बनाउन र उपभोक्ताका अधिकारको रक्षा गर्न यो बैठक जोडदार माग गर्दछ ।

१८. उचित ज्याला व्यवस्था गर्दै अनौपचारिक क्षेत्रका श्रमजीवीहरूलाई पनि सामाजिक सुरक्षा कोषमा समावेश गर्न तथा श्रम निरिक्षण प्रणालीजस्ता संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थालाई प्रभावकारीरुपमा लागू गर्दै श्रमको अवस्थामा सुधार ल्याउन र राष्ट्रिय श्रम आयोग गठनका लागि

आवश्यक निर्णय गर्न यो बैठक नेपाल सरकार र सम्बन्धित सबै सरोकारवालासँग जोडदार माग गर्दछ ।

१९. मुलुकका विभिन्न भागमा, खासगरी मधेशमा भूमिहीन तथा मध्यम किसानहरू मीटरव्याजको समस्याबाट पीडित भएको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ । मिटरब्याज पीडितहरूले अनेक सास्ती ब्यहोरिरहेको अवस्थालाई ध्यान दिई उनीहरूले सहजरुपमा न्याय पाउँछन् भन्ने ग्यारण्टी गर्न नेपाल सरकारसमक्ष यो बैठक जोडदार माग गर्दछ ।

२०. हालैका दिनमा नेपाल सरकारले भ्रष्टाचारका विरुद्धमा देखाएको सकृयताले जनतामा आशा जगाएको छ । राज्य र समाजको माथिल्लो तहसम्म संस्थागत हुँदै गएको भ्रष्टाचारलाई नियन्त्रण र उन्मुलन गर्दै सुशासन र समृद्धिको वातावरण निर्माण गर्न आवश्यक सबै तरिका अपनाउन यो बैठक सरकारलाई आह्वान गर्दछ । साथै, भ्रष्टाचार विरुद्धको अनुसन्धान तथा कार्यवाही कुनै पनि बहानामा नरोकियोस् भन्ने कुरामा यो बैठक विशेष जोड दिन्छ ।

२१. देशका विभिन्न स्थानहरूमा दलित माथी भएका जातीय हिंसा र भेदभावको घटनाको यो बैठक घोर भत्सना गर्दछ । जहाँ जातीय हिंसा, छुवाछुत र भेदभाव त्यहाँ नेकपा (एकीकृत समाजवादी)को प्रतिरोधको नीति अवलम्बन गर्न सम्पूर्ण पार्टी पङ्क्तिलाई निर्देशित गर्छ । साथै, जातीय विभेद जस्तो जघन्य अपराधलाई नियन्त्रण गर्न आवश्यक कदम नेपाल सरकारसँग यो बैठक जोडदार माग गर्दछ ।

२२. रुस–युक्रेन युद्ध लम्बिँदै र जटील बन्दै गएको, हतियारको अत्यधिक प्रयोग बढ्दै गएको र धनजनको क्षति त्यहि रुपमा बढ्दै गएको छ । त्यसले आर्थिक विकासमा बाधा, खाद्यान्नको अभाव, महङ्गी, विश्व व्यापारमा तथा रोजगारीमा गिरावट, इन्धनको मूल्यमा बृद्धिजस्ता नकारात्मक प्रभाव बढ्दै गएका छन् र विश्व आर्थिक मन्दीका सम्भावना बढ्दै छ । यो बैठक युद्धरत मुलुकहरू तथा यस युद्धमा प्रत्यक्ष–अप्रत्यक्षरुपले सङ्लग्न मुलुकहरूलाई संयमित हुन र वार्ताद्वारा समस्याको समाधान गर्न अपील गर्दै त्यसमा प्रभावकारी भूमिका खेल्न संयुक्त राष्ट्र सङ्घलगायत अन्तर्राष्ट्रिय संस्थाहरूलाई आह्वान गर्दछ ।

२३. जलवायु परिवर्तन, वातावरणीय सङ्कट, पुँजीको प्रतिस्पर्धामा प्रविधिको तिब्र होडले निम्त्याएको खतरा, सूचनामा एकाधिकार, युद्ध तथा द्वन्द्वले सिर्जना गरेको विस्थापन तथा शरणार्थी सङ्कट, अभाव र भोकमरीजस्ता आज दुनियाँले ब्यहोरिरहेका समस्याहरूको मुख्य कारण आजको विश्व पुँजीवादी साम्राज्यवाद हो र त्यसका दुस्परिणामहरूले मानवजातीको भविष्य अनिश्चित बन्दै गएकोतर्फ चिन्ता व्यक्त गर्दै त्यसका विरुद्ध संसारभरीका क्रान्तिकारी, प्रगतिशील तथा न्यायप्रेमी जनताले चलाएका सबैखालका अभियान, आन्दोलन तथा प्रतिरोधसँग ऐक्यबद्धता प्रकट गर्दछ ।

२४. यो बैठक पार्टीको सातौं केन्द्रीय कमिटी बैठक पश्चात दिवंगत हुनु भएका ............ कमरेडहरु प्रति श्रद्धाञ्जली ब्यक्त गर्दछ ।

धन्यवाद ।